
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ११ गते मंगलबार ❑ 23 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीका सहकारी पिडितहरु न्याय खोज्दै सडकमा

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

कास्कीका सहकारी पीडितहरु न्याय खोज्दै सडकमा उर्त्रिनु भएको छ । कास्कीका हाल ६ वटा सहकारीमा समस्या भए पछि सहकारीका बचतकर्ताहरु एक भई सोमबार सडकमा उर्त्रिनु भएको हो ।

सूर्यदर्शन, इमेज, मित्रमिलन, शिवशिखर, बलिदानी र विन्दवासिनी सहकारीका पीडित वचतकर्ता संयुक्त रुपमा सोमबार पोखराको जिल्ला प्रहरी कार्यालय कास्कीको गेट अगाडी गैह्रापाटनबाट सुरु भएको बिरोध र्‍याली पोखरा महानगरपालिका हुदै पोखराको नगर परिक्रमा सहित जिल्ला प्रशासन कार्यालय कास्कीमा पुगेर धर्ना सहित ज्ञापन पत्र बुझाउनु भएको हो ।




विगत २ बर्ष देखि सहकारी पिडितहरुले न्यायको खोजिमा प्रधानमन्त्री, मन्त्री, सांसद देखि प्रतिपक्ष दलका नेताहरुलाई समेत भेट्दा हालसम्म कुनै सुनुवाई नभएको भन्दै कास्कीका सहकारी पिडिहरु सोमबार संयुक्त रुपमा आन्दोलित हुदै सडकमा बिरोध प्रर्दशन गर्नु भएको हो ।

एक लाख भन्दा बढी व्यक्तिहरुको ६ वटा सहकारीबाटै करिब ३ अर्ब रुपैया आर्थिक हिनामिना (अपचलन) गरेको कास्की सहकारी वचत पीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठले दाबी गर्नु भयो । सहकारीको रकम हिनामिना गर्ने उपर फरार अभियुक्तहरुलाई पक्राउ गरी कार्वाही गर्न माग गर्दै उहाँले सञ्चालक तथा व्यबस्थापकहरु अधिकांश फरार भएको र उनीहरुलाई राजनीति संरक्षण रहेको जनाउनु भयो । प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख दलका शीर्ष नेतालाई आफूहरुको समस्या जानकारी गराउँदै आएको अबस्थामा कतैबाट पनि मागको सम्बोधन हुने र आश्वासन नपाएकोले सामूहिक रुपमा आन्दोलन गर्न सुरु गरिएको उनले जनाए ।

सरकारले चाहेमा सहकारीको रकम हिनामिना गर्नेलाई तत्काल पक्राउ गर्न सक्ने तर सरकारले चासो नदिएको पिडिहरुको गुनासो रहेको छ । संघर्ष समितिले सोमबार पोखरामा बिरोध प्रदर्शन सहित पोखरा महानगरपालिकामा समेत ज्ञापन पत्र बुझाउनु भएको हो ।

## माछापुच्छ्रे माविलाई भारतीय दूतावासले दियो स्कुल बस

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

भारतीय दूतावासले कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा अवस्थित एक सामुदायिक विद्यालयलाई सोमबार स्कुल बस हस्तान्तरण गरेको छ ।

नेपाल-भारत विकास साझेदारी कार्यक्रम अन्तर्गत दूतावासले माछापुच्छ्रे-२ भुर्जुङखोलामा अवस्थित माछापुच्छ्रे माध्यमिक विद्यालयलाई सोमबार बस उपहारस्वरुप प्रदान गरेको हो ।

नेपालका लागि भारतीय रक्षा सहचारी कर्णेल अमित शर्माले विद्यालयमा आयोजित एक समारोहका बीच बसको शुभारम्भ गर्नुभयो । विद्यालयका प्रधानाध्यापक सन्तोष आचार्यले सात सय भन्दा बढी विद्यार्थी अध्ययन गर्ने विद्यालयमा सार्वजनिक यातायात नियमित नहुँदा विद्यालय आउजाउ गर्न विद्यार्थीले भोग्नु परेको कठिनाइ अब समाधान भएको बताउनुभयो । विद्यालयको आवश्यकता बुझेर बस सहयोग गरेकामा उहाँले दुतावासप्रति आभार व्यक्त गर्नुभयो । प्रधानाध्यापक आचार्यले भराभरी, करुवा, मिर्सा, धिप्राङ लगायतका टाढाका गाउँबाट पैदल विद्यालय आउन



दुई घण्टा बढी समय लाग्ने गरेकाले ती ठाउँहरुमा बस सेवा सञ्चालन गरिने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो,"यहाँ चल्ने बसहरु नियमित नहुँदा विद्यार्थीको कक्षा छुट्ने गरेको थियो । दुई घण्टा हिँडेर स्कुल आउनुपर्ने बाध्यता अब हट्ने छ । हामीलाई आफ्नै बस भएपछि विभिन्न कार्यक्रमहरुमा विद्यार्थी लैजान समेत सहज हुनेछ ।" सो अवसरमा भारतीय रक्षा सहचारी शर्माले नेपाल र भारतबीचको सम्बन्ध अत्यन्त प्रगाढ रहेको बताउँदै आगामी दिनमा समेत सहयोगको प्रतिवद्धता जनाउनुभयो । स्कुल बस सहयोगले दुई देशबीचको सम्वन्ध थप बलियो बनाउन मद्धत पुग्ने उहाँको भनाई छ । आफ्नो लागि अर्को मातृभूमि र पावन भूमि नेपाल रहेको बताउँदै नेपालमा सहयोग गर्न पाउँदा खुशी लागेको शर्माले उल्लेख गर्नुभयो ।

गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले भारतीय सहयोगप्रति आभार व्यक्त गर्नुभयो । उहाँले माछापुच्छ्रे गाउँपालिकाका अन्य विद्यालयहरुमा समेत सहयोगका लागि आग्रह गर्नुभयो । वडाध्यक्ष गणेश आचार्यले स्कुल बस सुविधाबाट सामुदायिक विद्यालयमा विद्यार्थी बढाउन र शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुग्ने बताउनुभयो । विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष बमबहादुर गुरुङले दूतावासबाट बस प्राप्त गर्नका लागि लामो समयदेखी गरेको प्रयास अहिले सफल भएको बताउनुभयो । "स्कुल बसका लागि हामीले चार वर्षदेखी पहल गरेका थियौँ । यहाँका भूपू भारतीय सेनाहरुबाट समेत थप पहल भयो र अहिले ल्याउन सफल भएका छौँ । यसले विद्यालयको शैक्षिक विकासमा सहयोग पुग्ने अपेक्षा गरेका छौँ ।" गुरुङले भन्नुभयो ।

## शीर्षनेताद्वारा विकासमा एकताबद्ध हुन आह्वान

**रासस**
काठमाडौं, १० बैशाख

नेपाल कम्युनिष्ट पार्टी (एमाले) द्वारा आयोजित नेपाल कम्युनिष्ट पार्टी स्थापना भएको हीरक महोत्सव समारोहमा देशका शीर्षनेताहरूले एकै मञ्चबाट मुलुकको विकासमा एकताबद्ध हुनुपर्ने उद्घोष गर्नुभयो ।

महोत्सवमा नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, नेकपा (एकीकृत समाजवादी) का नेता एवं प्रधानमन्त्री झलनाथ खनाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई र मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलगायत उपस्थिति हुनुहुन्थ्यो । प्रधानमन्त्रीसहित शीर्ष दलका नेताहरूको उपस्थिति हुने बित्तिकै अत्याधुनिक प्रविधिसँगै एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेकपा स्थापनाको हीरक महोत्सवको शुभारम्भ गरेपछि माहोल निकै रोचक बनेको थियो । पूर्वराष्ट्रपति भण्डारीलाई 'गणतन्त्र गौरव सम्मान' संयुक्तरूपमा प्रधानमन्त्री दाहाल ,एमाले अध्यक्ष ओली, कांग्रेसका सभापति देउवा, एकीकृत समाजवादीका नेता खनाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा भट्टराई, मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीलगायत प्रमुख दलले सम्मान प्रदान गर्नुभयो । त्यो समय मञ्चमा दलहरूबीच एकताको दृश्य प्रस्ट देखिन्थ्यो । हिरक महोत्सवमा उपस्थितिहरूले उक्त समारोहलाई निकै रोचकपूर्ण तरिकाले तालीले स्वागत गरिरहेका देखिन्थ्यो । सम्मानित हुने बित्तिकै पूर्वराष्ट्रपति भण्डारीले सम्बोधनका माहोल केही भावुक भएको थियो ।

हीरक महोत्वसको प्रारम्भ हुने बित्तिकै नेकपा स्थापनाको अवस्थादेखि वर्तमान अवस्थासम्म विश्लेषण गरेर वृत्तचित्र प्रस्तुत गरिएको थियो । उक्त वृत्तचित्रप्रति इङ्गित गर्दै कांग्रेसका सभापति देउवालले सम्बोधन गर्ने बेलामा 'खाली कांग्रेसलाई गाली गर्ने' भन्ने शब्दबाट सम्बोधन सुरु गर्नुभयो । केहीबेर सबैलाई अलि असहजजस्तो महसुस भएको थियो तर उहाँले संवाद, सहमति र सहकार्यबाट लोकतान्त्रिक गणतन्त्रको संरक्षण गर्दै देशको विकासमा सहकार्य गर्नुपर्ने धारणा राख्नुभयो।"वर्तमानलोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई सुनिश्चित गर्दै मुलुकको विकास गर्न सबैको सहकार्य जरुरी छ," सभापति देउवाले भन्नुभयो, "नागरिकको मौलिक हक अधिकारको संरक्षण, देशमा दिगो शान्ति, सुशासनका लागि न्यूनतम सहमति र सहकार्य जरुरी छ ।"

महोत्सवमा कांग्रेस सभापति देउवापछि प्रधानमन्त्री दाहालले सबै राजनीतिक दलले सहकार्य गरेर देशको विकास र जनतालाई सेवा प्रदान दिनुपर्ने बताउनुभयो ।

"हामीले जे-जति राजनीतिक उपलब्धि प्राप्त गरेका छौँ, ती सबै राजनीतिक समझदारी एवम् एकताबाटै प्राप्त गरेका छौँ तर हामीबीच समझदारीको स्तर तल झर्दा भने सबै कमजोर भएका छौँ," उहाँले भन्नुभयो, "हामीले समझदारी गर्दा ठूला-ठूला उपलब्धि हासिल गरेका छौँ तर जतिबेला हामी विमति तिर तथा एकअर्काप्रति विद्वेषतर्फ गयौँ, नेपाली जनताले दुःख पाउने स्थिति सृजना भयो, आजको दिन राजनीतिक दलबीच समझदारी र सहमतिको यात्रा तय गर्ने नयाँ दिन बनोस् भनी सबै राजनीति दललाई अपिल गर्दछु ।" सबै राजनीतिक दलले एकअर्का राजनीति दलका योगदानलाई सम्मान गर्दै आफूभित्र रहेका कमीकमजोरी हटाएर देश र जनताको पक्षमा काम गर्ने प्रतिबद्धता व्यक्त अध्यक्ष दाहालको थियो ।

सम्बोधनका क्रमा एमालेका अध्यक्ष ओलीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र रक्षा र सबलीकरणमा एकताबद्ध हुन सबै राजनीतिक दलहरूलाई आह्वान गर्नुभयो । उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सबलीकरणको बाटोमा सबै एक ठाउँमा उभिनुपर्ने उल्लेख गर्दै भन्नुभयो, "मुलुकबाट गरिबी हटाउने गरी ठोस योजना बनाउने, भ्रष्टाचारको अन्त्य गर्ने र राष्ट्र र राष्ट्रिय हितको पक्षमा अघि बढ्नुपर्छ, एमालेले नाजायज ढङ्गले कुनै पनि खालको अडान राख्दैन तर मुलुकको हितको पक्षमा उभिन्छ ।"

हीरक महोत्वसमा मुलुकका शीर्ष राजनीतिक दलको आ-आफ्नो शैलीमा प्रस्तुति फरक भए पनि सबैको चाहना मुलुको विकास र समृद्धि नै थियो । ललितपुरको गोदावरीस्थित सनराइज हलमा आयोजित नेकपाको स्थापना दिवका अवसरमा विकास र समृद्धिका लागि पाइला अघि बढाउनुपर्ने सन्देशमूलक गीतसमेत कलाकारहरूले प्रस्तुत गरेका थिए । महोत्सवका लागि साजसज्जा निकै गरिएको थियो । विभिन्न आर्कषण नाराका साथ नेकपा स्थापनाको ७५ लेखिएको पोष्टरमा फोटो खिच्ने र रमाउनेको निकै घुइँचो देखिन्थ्यो । महोत्सवको अर्को आकर्षणको केन्द्र लोकतान्त्रिक चोक भनेर किटान गरिएको एउटा स्थान थियो । त्यहाँ गएर व्यक्तिले आफ्नो विचार लेखिरहेका थिए । नेकपा स्थापनाको हीरक महोत्सव निकै रोचक देखिन्थ्यो ।


**लोकतन्त्रको उपलब्धिको रक्षा गरौं**

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## मंगलबार सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

सरकारले कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपालको राजकीय भ्रमणका अवसरमा आज मङ्गलबार सार्वजनिक बिदा दिएको छ ।

सिंहदरबारमा मंगलबार भएको मन्त्रिपरिषद् बैठकले कतारका अमिरले यही वैशाख ११ देखि गर्नुहुने नेपालको राजकीय भ्रमणको अवसरमा आज मंगलबार सार्वजनिक बिदा दिने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# लोकतन्त्रलाई बलियो बनाउने प्रण गरौं

नेपाली जनताले जनआन्दोलनमा देखाएको अभुतपूर्व सहभागिताले नेपालमा लोकतन्त्र आयो । नेपालको २०६२-०६३ को आन्दोलन हरेक दृष्टिकोणले सफल मानिन्छ । २ सय ४० वर्षको शाह वंशीय राजतन्त्रको अन्त्य दोश्रो जनआन्दोलनकले गऱ्यो । शसस्त्र संघर्ष गरेको नेकपा माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने काम २०६२-०६३ को आन्दोलनले नै हो । २०६२ साल चैत २४ गतेबाट शुरु भएर २०६३ बैशाख ११ गते आन्दोलन टुङ्गीएको हो । शान्तिपूर्ण आन्दोलनबाट जनताले आफ्नो अधिकार लिएको दिनको रुपमा बैशाख ११ गतेलाई लोकतन्त्र दिवसको रुपमा सम्झने गरिएको छ । सरकारी विदा नभएपनि लोकतन्त्रलाई दिवसको रुपमा नागरिकले अधिकार पाएको दिनको रुपमा लिने गरेका छन् ।

लोकतन्त्रिक आन्दोलनको उपलब्धि संविधान सभा, संविधानसभाले बनाएको संविधान, गणतन्त्र, समावेशी प्रतिनिधित्व र राज्यको पुनर्संरचना हो । गणतन्त्र घोषणा हुँदा जनतामा जुन उत्साह थियो अहिले नेताप्रति आक्रोश छ मुलुकमा राष्ट्रपति पनि छन् । समावेशी प्रतिनिधित्व गराउन निर्वाचन प्रणाली पनि प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रतिनिधित्व गराइएको छ । जनआन्दोलनमा नेपाली जनताले उठाएका मुद्दा मुताबिक संविधान जारी गरेपछि ती अधिकार संस्थागत भएको छ । तिनै तहका सरकार बनेर अधिकारको बाडफाड भएको छ । सिंहदरबारको अधिकार गाउँमा आइपुगेको सात वर्ष पुग्दैछ । केन्द्रीकृत मानसिकताले गर्दा स्थानीय तह र प्रदेश सरकारबाट सम्पादन हुने काम अपेक्षाकृत हुन सकेको छैन । आर्थिक बृद्धि वृद्धि हुन सकेको छैन । देशको अर्थतन्त्र कमजोर हुँदा साशकहरु जनतालाई बुझाउन सक्दैनन् ।रोजगारीका लागि विदेश जान बाध्य युवाशक्ति गणतन्त्रका नेता र दलपति आक्रोश व्यक्त गर्दछन । राजतन्त्रको वकालत गर्ने बढ्न थालेका छन । पूर्व राजाको अभिनन्दन हुन थालेको छ । जननिर्वाचित संसदले कानुन बनाउने र देशका समस्यामा गहन छलफल नभइ कुण्ठा , घुर्की र प्रतिशोध साँध्ने थलोमा परिणाम गराउन खोजिदै छ। क्यालेन्डर बनाएर चल्न नसक्ने अवस्थामा पुर्याउन खोजिदैछ संसदप्रति वितृष्णा फैलाउनेलाई मलजल हाल्ने काम संसदीय प्रणालीका हिमायती हौं भन्नेबाट भएको छ ।

लोकतन्त्र स्थापनाका लागि शाहदत प्राप्त गर्ने शहिदको रगत खेरा जाने हो कि भन्ने अवस्था आएको छ । सरकारले शहीदहरुलाई समान व्यवहार गरेको छैन । जनआन्दोलनका घाइते र अंगभंग भएकाहरुले अझै राहत पाउन सकेका छैनन् । शरीर भित्र रहेको गोली र अंगभंग भएकाहरुको उपचार र भरणपोषणको व्यवस्था नगरेसम्म जनआन्दोलनको मर्म पुरा हुन सक्दैन । रातारात धनकमाउने कालाबजारीया, निरंकुश, भ्रष्ट र तस्कर हरुले जनतालाई लोकतन्त्रको पाठ पढाउने अवस्था बढेर गएको छ । निर्वाचनमा जस्ले खर्च गर्न सक्छ भन्नेलाई उमेदवार कनाउने आफ्नो दास बन्न सक्ने खोज्ने प्रवृत्ति हावी हुदाँ राजनीतिक दलका नेताहरुले लोकतान्त्रिक आचरण देखाउन नसक्दा अहिले जनतामा निराशा छाएको छ । पुरानै निरंकुश शासन ठिक थियो भन्ने र पपुलिष्ट कुरा गर्नेको श्वर चर्को हुन थालेको छ।

नेताहरुले सिमित घेरा भन्दा बाहिर हेर्न नसक्दा जनताले विश्वास गरेका नेताहरुका बारेमा प्रश्न उठाउने ठाउँ दिएको छ । अन्दोलनमा सँगै लडेको शक्ति दुई ध्रुब हुन पुगेका छन । लोकतान्त्रिक शक्तिले जनताले शासन गर्ने मतादेश नदिएकाले सत्ताको नेतृत्व गर्न पाएका छन । दुई ठूला दल नेपाली काङ्ग्रेस र नेकपा एमालेले पालैपालो माओवादी बोक्दै राजनीतिक अस्थिरता निम्त्याउने काम गरेका छन । जनताको सहभागितामा जनताका प्रतिनिधिले मुलुक चलाउने प्रणाली स्थापित नगरी बाँडीचुँडी खाने प्रणाली स्थापित गराउन खोजिएको छ । साशकको सोच र चिन्तन आफू र आफ्नाका लागि केन्द्रीत छ । लोकतान्त्रिक प्रणाली देखाउन मात्र छ । लोकतान्त्रिक जीवन पद्धति बनाउन सकियो भने मात्र लोकतन्त्र बलियो हुन्छ । लोकतन्त्र स्थापना गर्न जस्ले योगदान गरेको छ उनीहरूको जीवनमा परिवर्तन नआएसम्म ब्यबस्था परिवर्तनले केही हुँदैन । जनताको अवस्था परिवर्तन गर्न सके मात्र लोकतन्त्र बलियो हुनेछ । लोकतान्त्रिक आन्दोलनमा सँगै लडेका र लोकतन्त्रलाई बलियो बनाउन लागेका सबै शक्तिले सत्ता स्वार्थभन्दा माथि उठेर देश र जनताको निम्ति लाग्ने वाचा गरेमा लोकतान्त्रीकरणमा योगदान पुग्नेछ ।

# मनाङमा एक वर्षमा २१ हजार पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
मनाङ, १० बैशाख

हिमाली जिल्ला मनाङ आउने पर्यटक बढ्दै गएका छन् । विश्वकै १०औँ स्थानमा पर्ने जोखिमयुक्त पदमार्ग र मनास्लु पदयात्राको यात्रामा आउने विदेशी पर्यटक आगमन बढ्दो छ । विसं २०८० मा २१ हजार चार सय ९५ पर्यटक भित्रिएका अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाले जनाएको छ ।

वैशाखदेखि चैत मसान्तसम्ममा सो सङ्ख्यामा विदेशी पर्यटक भित्रिएका हुन् । तीमध्ये फ्रान्सका नागरिक बढी आगमन भएको तथ्याङ्कमा उल्लेख छ । मनाङ फ्रान्सका नागरिकको रोजाइमा पर्ने गरेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाका प्रमुख ढकबहादुर भुजेलेले जानकारी दिनुभयो । उहाँका अनुसार फ्रान्सका एक वर्षमा दुई हजार चार सय ८२ मनाङ भ्रमणमा आएको तथ्याङ्कमा उल्लेख छ ।

त्यस्तै इजरायलका एक हजार आठ सय २१ र जर्मनीका एक हजार सात सय ५४ नागरिक मनाङ भ्रमणमा आएको तथ्याङ्क रहेको उहाँले बताउनुभयो । विदेशीको रोजाइमा मनाङ प्रमुख रहने गरेको पाइएको प्रमुख भुजेलले बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य देशबाट पर्यटक आउने भए पनि यी देशका नागरिक बढी आउने गरेका छन्, सङ्ख्याको आधारमा यी धेरै हुन्, अमेरिका, चाइना, रसिया, भारतका पर्यटक पनि आउने क्रम बढ्दै गएको तथ्याङ्क हामीमा दर्ता भएका छन् ।" मनाङ प्राकृतिक सम्पदाले भरिपूर्ण भएकाले पनि पर्यटकको रोजाइमा पर्ने गरेको उहाँको भनाइ छ । नयाँ वर्ष २०८१ को पहिलो दिनमा मात्रै एक सय १५ विदेशी पर्यटक भित्रिएको प्रमुख भुजेलले जानकारी दिनुभयो । उहाँका अनुसार नयाँ वर्षका दिनमा आन्तरिक पर्यटकको समेत उल्लेख्य आगमन भएको थियो । सडक सञ्जालले मनाङ आउने आन्तरिक पर्यटकलाई समेत सहज भएको उहाँको भनाइ छ। आन्तरिक पर्यटक पनि बिदाको समयमा भ्रमणमा आउने क्रम बढ्दो रहेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाका प्रकृति पर्यटनविद् भुपेन्द्र गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तीन/चार दिनको बिदा लगातार परेको अवस्थामा मनाङमा आन्तरिक पर्यटकले भरिभराउ हुन्छ, भ्रमणमा निस्कने प्रविधि नेपालीमा पनि बढ्दै गएको छ ।" आन्तरिक पर्यटकको भने अभिलेख राखिदैन तर, पर्यटकको आगमन भने उल्लेख्य हुने गरेका उहाँको भनाइ छ ।

यहाँ भित्रिने पर्यटक अधिकांश थोराङ्ला भञ्ज्याङ हुँदै मुस्ताङ निस्कन्छन् भने केही पर्यटक लार्के भञ्ज्याङ हुँदै मनास्लुतर्फ लाग्ने गर्दछन् । आन्तरिक पर्यटकको रोजाइमा तिलिचो ताल पर्ने गरेको मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले बताउनुभयो ।

केही दिन बिदा भएको बेलामा आन्तरिक पर्यटक तिलिचो तालतालई मुख्य गन्तव्य बनाएर आउने गरेका उहाँले बताउनुभयो । दुई समयमा मनाङका पदमार्गमा यात्रा गर्न सकिन्छ । कोभिडको सङ्क्रमण र विसं २०७८ को बाढी पहिरोपछि यहाँ पर्यटक आवागमनमा वृद्धि हुँदै गएको छ । पर्यटक हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आगमन हुने गर्दछ । साथै अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन् ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङको बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरुआत हुन्छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच जिल्ला जोडिएका छन् । काठमाडौँदेखि बेँसीसहरसम्म सवारी साधनमा पर्यटक आउने गर्दछन् । पछिल्लो समय सडक सहज भएपछि सवारी साधनमा नै चामे, खाङ्सारसम्म सवारी साधनमा नै पुग्ने गरेको पाइन्छ । त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा गर्ने गरेको भेटिन्छ ।

# व्यास गुफा परिसरमा सन्ध्याकालीन गङ्गा आरती हुने

**पोखरापत्र संवाददाता**
तनहुँ १० बैशाख

चार वेद १८ पुराणका रचयिता भगवान् वेद व्यासको जन्मस्थलमा गङ्गा आरती गरिने भएको छ । व्यास गुफा एक पवित्र धार्मिकस्थल भएकाले व्यास भूमि अगाडि रहेको मादी र सेती नदीको तटमा गङ्गा आरती गरिने भएको हो ।

व्यास गुफा परिसरमा स्वदेशी तथा विदेशी धार्मिक पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले आगामी वर्ष २०८२ वैशाख १ गतेबाट सन्ध्याकालीन गङ्गा आरती गर्ने योजनासहित काम भइरहेको व्यास क्षेत्रका प्रमुख संरक्षक एवं शान्ति स्वरुपानन्द दामोदर बाबाले जानकारी दिनुभयो । व्यास नगरपालिकामा रहेको पवित्र व्यास गुफा परिसरको अगाडि मादी र सेती गङ्गा तटमा विशेष मञ्च बनाई सन्ध्या गङ्गा आरती गर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सुरुबाट नै यो योजना नसोचिएको होइन । तर, जग्गाको अभावमा काम अगाडि बढाउन सकिएको थिएन । अब नदीको धार दक्षिणतिर गएकाले तटबन्ध निर्माण गरी सन्ध्याकालीन गङ्गा आरती गर्ने ठाउँ बनाउनेछौँ ।" गङ्गा आरतीका लागि मञ्च, भक्तजन रहने स्थान तथा अन्य भौतिक संरचनाका अतिरिक्त नित्य सन्ध्या आरती गर्ने बटुक, सरसामग्रीको आवश्यकता पर्दछ । स्वदेशी तथा विदेशी धार्मिक पर्यटकलाई आकर्षित गर्ने उद्देश्यका साथ सन्ध्याकालीन आरतीको व्यवस्था गर्न लागिएको शान्ति स्वरूपानन्द बाबाको भनाइ छ ।

# मनाङको लार्केपासबाट चार विदेशी पर्यटकको उद्धार

**पोखरापत्र संवाददाता**
मनाङ १० बैशाख

विकट जिल्ला मनाङ भ्रमणमा आएका विदेशी पाँच पर्यटक लेक लागेर बिरामी परेपछि उनीहरूको उद्धार गरिएको छ। सोमबारमनास्लु पदमार्गअन्तर्गत नासोँ गाउँपालिका-७ भिमताङबाट उनीहरूको उद्धार गरिएको हो ।

लार्केपास गइरहेका पाँच पर्यटकको उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार भिमताङबाट हेलिकप्टरमार्फत पर्यटकको उद्धार गरिएको हो । चामेमा ल्याएर सामान्य उपचारपछि काठमाडौँ पठाइएको छ ।

साउथ अफ्रिकाका दुई, न्युजिल्याण्डका दुई र एकजना पथप्रदर्शकको उद्धार गरिएको प्रजिअ लामिछानेले बताउनुभयो । लेक लागेर पर्यटक बिरामी भएपछि हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि लगिएको उहाँले बताउनुभयो ।

# पर्वतमा विद्यार्थी भर्ना गर्न घरदैलो अभियान

**पोखरापत्र संवाददाता**
पर्वत, १० बैशाख

पर्वतका सामुदायिक विद्यालयमा नयाँ शैक्षिक सत्रमा भर्नाका लागि घरदैलो अभियान सुरु गरिएको छ । जिल्लाका स्थानीय तहले विद्यार्थी भर्नाका लागि घरदैलो अभियान नै सुरु गरेका हुन् ।

नयाँ शैक्षिक सत्रका लागि यही वैशाख २ गतेदेखि देशभर विद्यार्थी भर्ना अभियान सुरु भएसँगै पर्वतका सातवटै पालिकाका सामुदायिक विद्यालयले घरदैलो अभियान थालेका हुन् । महाशिला गाउँपालिकाकी शिक्षा अधिकृत सविता केसी पौडेलले पालिकामा सञ्चालित सबै विद्यालयले विद्यालय जान उमेरका कोही नछुट्न भन्ने उद्देश्यले घरदैलो अभियान सुरु गरेको बताउनुभयो । महाशिलामा हाल २६ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन् । फलेबास नगरपालिका-४ मुडिकुवाको गहते अम्बोट आधारभूत विद्यालयले आइतबारदेखि घरदैलो अभियान सुरु गरेको छ । विद्यालयले घर र टोलमा पुगेर अभिभावक भेटघाट कार्यक्रम सुरु गरेको विद्यालयका प्रधानाध्यापक ओमकार पौडेलले बताउनुभयो । फलेबासको भवानी निम्नमाध्यमिक विद्यालयले पनि शिक्षक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, अभिभावक सङ्घका प्रतिनिधि, वडाअध्यक्षलगायतको टोलीसहित घरदैलो कार्यक्रम गरिहेको प्रधानाध्यापक अर्जुनकुमार रेग्मीले जानकारी दिनुभयो । फलेबास वडा नं ५ मा रहेको ध्रुव नमुना माविले यस वर्षदेखि आवासीय विद्यालयका रुपमा सञ्चालन गर्न थालेको छ । विद्यार्थीलाई खाना, खाजा, आवास, पोशाक, पुस्तक सबै विद्यालयले नै उपलब्ध गराउने भएको छ । यस शैक्षिक सत्रमा नेपालका विभिन्न जिल्लाबाट थप ५० जना विद्यार्थी आवासीय सुविधासहित विद्यालयमा भर्ना गर्ने लक्ष्य रहेको प्रधानाध्यापक फलक शर्मा पौडेलले बताउनुभयो ।

जलजला गाउँपालिकाले पनि वैशाख २ गतेदेखि भर्ना अभियान सुरु गरेको शिक्षा शाखा अधिकृत यज्ञप्रसाद लामिछाने जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाका ४४ वटा सामुदायिक र छ वटा निजी विद्यालयले घरदैलो अभियान थालेको उहाँले बताउनुभयो । कुनै पनि विद्यार्थी शिक्षा लिनबाट बञ्चित हुन नपरोस् भनेर घरदैलोमै पुग थालिएको उहाँको भनाइ छ ।कुश्मा नगरपालिकाले पनि भर्नाका लागि घरदैलो अभियान सुरु गरेको नगरप्रमुख रामचन्द जोशीले बताउनुभयो । पैयूँ गाउँपालिको पनि नयाँ विद्यार्थी थप्ने लक्षयका साथ विद्यालयका शिक्षक, कर्मचारीसँगै, व्यवस्थापन समितिका पदाधिकारी पनि भर्ना अभियानमा सक्रिय भइ लागेको प्रमुख प्रशासकीय अधिकृत राजीव रिमालले जानकारी दिनुभयो । पालिकाका सातवटै वडाका विद्यालय विद्यार्थी भर्ना अभियानका लागि घरदैलो अभियानमा जुटेको उहाँको भनाइ छ । बिहादी गाउँपालिका र मोदी गाउँपालिकाले पनि विद्यालय जाने उमेर समूहका सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता भन्ने सङ्कल्पका साथ अभियान सुरु भएको गाउँपालिकाका अध्यक्ष परविन गुरुङले बताउनुभयो ।

पर्वतमा भर्ना अभियानलाई सफल बनाउन सबै निकाय लागिपरेको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख उद्धिमराज पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "अभियान सफल बनाउन घरदैलो अभियान जारी छ ।" पर्वतमा आधारभूत तहका दुई सय १८, माध्यमिक तह ७८ वटा र संस्थागततर्फ २९ वटा विद्यालय छन् । जिल्लाका सामुदायिक र संस्थागत विद्यालय तीन सय २५ वटा विद्यालयमा २६ हजार आठ सय विद्यार्थी अध्ययनरत छन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाब |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## गल्याङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम प्रटक प्रकाशित मिति २०८१/०१/११**

**यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको लागि तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नं | बोलपत्रदाताको नाम | बोलपत्रदाताको कबोल अंक |
|---|---|---|---|---|
| 1. | Supplying of Mini Tiller, Combined Mill, Chaff Cutter and Brush Cutter for Galyang Municipality | GM/SYA/NCB/GOODS/11/2080/081 | B.D.S NEPAL, Swoyambhu-15, Kathmandu. | NRs. 34,87,537.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



# शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत कक्षा ९-१० को अनुदान कोटामा रिक्त सहायक प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न पोखरा महानगरपालिका, कास्कीको मिति २०८१/०१/१० को चलानी नं. ७२६ मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०९/०८०/०८१ | सहायक प्रशिक्षक | कक्षा ९-१० | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार |

१. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा आई.एस्सी.एजी. उत्तीर्ण गरेको हुनुपर्ने ।
२. छनौटका आधारहरुः लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
३. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति ।
४. दरखास्त दस्तुरः रु १,५००।- तिरेको सक्कल रसिद ।
५. दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मितिः २०८१ बैशाख २४ गते कार्यालय समयभित्र ।
६. तलब स्केलः नेपाल सरकारको नियमानुसार ।
७. परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५

# बागलुङका २५ स्थानमा तटबन्ध गरिँदै

पोखरापत्र संवाददाता
बागलुङ, १० बैशाख

बागलुङमा यस वर्ष २५ स्थानमा तटबन्ध गर्न थालिएको छ । खोला छेउछाउका बस्ती संरक्षणका लागि तटबन्ध गर्न थालिएको हो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयमार्फत तटबन्ध तथा नदी नियन्त्रण गर्न थालिएको हो । जिल्लाको सबैभन्दा बढी गलकोट नगरपालिकामा तटबन्ध गर्न थालिएको छ । यस पालिकामा सातव तटबन्धका योजना छन् । बडिगाड गाउँपालिकामा तीन, बागलुङ नगरपालिकामा तीन, बरेङ गाउँपालिकामा दुई, ढोरपाटन नगरपालिकामा चार, निसीखोला गाउँपालिकामा तीन, तमानखोला गाउँपालिका एक र काठेखोला गाउँपालिकामा दुई योजान छन् । बागलुङका धेरै बस्ती खोला छेउमा हुँदा कटानको उच्च जोखिममा छन् । कटानबाट बस्ती संरक्षणका लागि तटबन्ध गर्न थालिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले बताउनुभयो । चालु आर्थिक वर्षमा रु चार करोड ९५ लाखको लागतमा २५ स्थानमा तटबन्ध गर्न थालिएको उहाँको भनाइ छ । उहाँका अनुसार गलकोट-६ खहरेखोला तटबन्ध वडा नं ९ दरमखोला नदी नियन्त्रण, सोही वडामा चुदीखोला तटबन्ध, वडा नं ४ मा खरुवा माध्यमिक विद्यालय तटबन्ध, वडा नं ९ मा पात्रेढुङ्गा-गौतमघाट तटबन्ध, वडा नं ७ मा चोखालघाटबाट प्रगति प्रावि तटबन्ध र वडा नं १० मा अँधेरीखोला तथा लङ्गुरेघाट बस्ती संरक्षण योजना रहेका छन् । बडिगाडको वडा नं २ मा बडिगाड खोला नियन्त्रण, वडा नं ५ मा दीक्षफाँट तटबन्ध र वडा नं ७ मा खोल्टेपानी तटबन्धको काम सुरु भएको उहाँको भनाइ छ । बागलुङ नगरपालिका-१ मा कालीगण्डकी नदी नियन्त्रणको काम भइरहेको पौडेलले बताउनुभयो । सो स्थानमा रहेको लक्ष्मीनारायण मन्दिर संरक्षणका लागि तटबन्ध गरिएको भन्दै वडा नं १० स्थित गलुवाखोलामा समेत तटबन्ध गर्न थालिएको प्रमुख पौडेलको भनाइ छ । बरेङ वडा नं ३ को राउसीखोला र वडा नं २ को गुहिएखोला ठूलो खोलामा पनि तटबन्ध गरिएको छ । ढोरपाटन-६ मा गाडीखोला खाल्टेखुल्टे उत्तरगङ्गा ढोरपाटन बस्ती संरक्षण, वडा नं ६ कै तुलाआवि तटबन्ध वडा नं ५ को दोगाडी स्वास्थ्य चौकी संरक्षण र शिवालय मावि संरक्षणका लागि भुजीखोलामा तटबन्ध गर्न थालिएको उहाँले जानकारी दिनुभयो । निसीखोला-२ मा छन्त्याल गाउँ बस्ती संरक्षण, वडा नं १ मा हुल्दी पहिरो नियन्त्रण, वडा नं ५ मा कालाखेत सानोखोला तटबन्धको काम भइरहेको छ । तमानखोला गाउँपालिका-६ नर्जागाउँ तटबन्ध र काठेखोला गाउँपालिका-४ मा धाकखोला तटबन्धको योजना कार्यान्वयन भइरहेको उहाँ बताउनुहुन्छ ।

पौडेलले २५ योजनामध्ये पाँच योजना सम्पन्न भएको, १८ योजनाको काम तीव्रगतिमा भएको भन्दै दुई योजना कालाखेत सानोखोला र अँधेरीखोला लङ्गुरेघाट बस्ती संरक्षण योजना सम्झौता नै नभएको जानकारी दिनुभयो । सबै योजना असार मसान्तसम्म सक्नुपर्ने पौडेल बताउनुहुन्छ । उहाँले भन्नुभयो, "दुईवटा बाहेक सबै योजना कार्यान्वयन भइरहेका छन्, अहिले तीव्रगतिमा काम भइरहेको हुँदा असार मसान्तअगावै सक्ने सम्भावना देखिन्छ, यी योजना जहाँ बस्ती जोखिममा छन्, खोला किनारका विद्यालय र स्वास्थ्य संस्था पनि छन्, ती सबैलाई संरक्षण गर्नका लागि यो वर्ष तटबन्ध गर्न थालिएको हो ।"

# तनहुँमा अदुवा उत्पादन बढ्यो

पोखरापत्र संवाददाता
तनहुँ, १० बैशाख

तनहुँमा यस वर्ष अदुवा उत्पादनमा वृद्धि भएको छ । अदुवाखेतीतर्फ किसानको आकर्षण बढेसँगै उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । पछिल्लो समय बाँदरले दुःख दिन थालेपछि किसान अदुवाखेतीतर्फ लागेका छन् ।

चालु आर्थिक वर्ष २०८०/८१ मा पाँच हजार छ सय ७९ मेट्रिक टन अदुवा उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो । चालु आवमा पाँच सय २४ हेक्टर क्षेत्रफलमा अदुवाखेती गरिएको थियो । गत आव २०७९/८० मा पाँच हजार छ सय ५४ मेट्रिक टन अदुवा उत्पादन भएको थियो । त्यतिबेला पाँच सय २२ हेक्टर क्षेत्रफलमा अदुवाखेती गरिएको थियो । व्यास नगरपालिका, भिमाद नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकामा व्यावसायिक रूपमा अदुवाखेती हुँदै आएको छ। पछिल्लो केही वर्षयता बाँदरले दुःख दिन थालेपछि किसान अदुवाखेतीमा आकर्षित भएको पाइएको छ । बाँदरले अदुवामा क्षति नपुर्‍याउने भएकाले किसान यसतर्फ बढी आकर्षित छन् । ज्ञान केन्द्रले मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रममार्फत अदुवा उत्पादक किसानलाई सहयोग गर्ने कार्यक्रम रहेको परियारले जानकारी दिनुभयो । स्थानीय तहले अदुवा उत्पादक किसानलाई अनुदानको व्यवस्था गरेपछि पनि किसान अदुवाखेतीमा लागेका छन् । घिरिङ गाउँपालिकाले उत्पादनका आधारमा किसानलाई अनुदान वितरण गरिरहेको छ । निर्वाहमुखी खेती गरिरहेकालाई व्यावसायिक बनाउन गत वर्षदेखि गाउँपालिकाले अनुदानको नीति ल्याएको छ ।

गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले घिरिङमा उत्पादित अदुवा विभिन्न जिल्लामा निर्यात गर्न सकिने भएकाले किसानलाई व्यावसायिक बनाउन खोजिएको बताउनुभयो । गाउँपालिकाले प्रतिव्यक्ति रु पाँच हजारका दरले अनुदान दिँदै आएको छ ।

# पर्वतमा विद्यार्थी भर्ना गर्न घरदैलो अभियान

पोखरापत्र संवाददाता
पर्वत १० बैशाख

म्याग्दी, १० वैशाखः एक जना विदेशी नागरिकको रु डेढ करोड सहयोगमा अन्नपूर्ण गाउँपालिका-८ मा रहेको काफलडाँडा आधारभूत विद्यालयको पूर्वाधार निर्माण गरिएको छ ।

साविक राम्चे गाविस-८ धारापानीमा जन्मी हाल बेलायत निवासी गिरबहादुर गर्बुजाको समन्वयमा पोल्याडका नागरिक जोन ओलस्कीले सो विद्यालयको कक्षाकोठा भवनलगायतका पूर्वाधार निर्माणमा सहयोग गर्नुभएको हो । विद्यालयका प्रधानाध्यापक बुद्धि पुर्जाले गर्बुजाको पहलमा ओलस्कीको रु एक करोड ४५ लाख सहयोग गर्नुभएको बताउनुभयो । उक्त रकमबाट ११ कोठे दुईवटा भवन निर्माण गरिएको छ। समन्वयकर्ता गर्बुजा गोर्खा सैनिकबाट सेवानिवृत्त भएपछि बेलायतको निजी कम्पनीमा काम गर्दै आउनुभएको छ। उहाँ परिवारसहित बेलायतमा बसोबास गर्नुहुन्छ। "पोल्याण्डका नागरिक जोन ओलस्कीको सहयोगमा पाँच र छकोठे दुईवटा भवन निर्माण भएको हो", उहाँले भन्नुभयो, "सहयोगदाता ओलस्की र समन्वयकर्ता गर्बुजालाई विद्यालयले सम्मान गरेको छ ।"

सहयोगदाताओलस्किलेआफूले गरेको सहयोगले दुर्गम गाउँका विद्यालयका बालबालिकालाई सहज भएकामा खुसी व्यक्त गर्दै थप सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँहरुले इन्टर नेटमार्फत गरिने टेलिटिचिङको सामग्री पनि सहयोग गर्नुभएको थियो । कक्षा ८ सम्मको पठनपाठन हुने विद्यालयमा हाल ४३ जना विद्यार्थी छन् ।

यसअघि विद्यालय भवन रहेको ठाउँमा पहिरोको जोखिम भएपछि करबाकेली थानमुनि विद्यालय स्थानान्तरण गरिएपछि भवनलगायतका पूर्वाधार अभावमा पठनपाठन प्रभावित भएको थियो ।

# पुल निर्माणमा ढिलाइ

पोखरापत्र संवाददाता
बागलुङ १० बैशाख

बागलुङको बडिगाडखोलामा मोटरेवल पुल निर्माण गर्न थालेको चार वर्ष बित्यो । तर हालसम्म सम्पन्न हुन सकेको छैन ।

बडिगाड गाउँपालिका-७ भिमगिठे बजार र मालारानी गाउँ जोड्ने गरी २०७७ कात्तिक २७ गते सम्झौता भएको थियो । हालसम्म ८० प्रतिशत मात्रै काम सम्पन्न भएको छ । विसं २०७९ फागुनमा निर्माण सक्ने सम्झौता भए पनि दुई पटक म्याद थप गरिएको छ। पुल निर्माण नहुँदा स्थानीयले सास्ती खेप्नुपरेको छ । पुल दुई वर्ष चार महिनामा सक्ने गरी निर्माण कम्पनीले जिम्मा लिएको थियो । पुल नबन्दा बजारबाट दैनिक उपभोग्य सामान ओसारपसार गर्न समस्या भएको छ । मध्यपहाडी लोकमार्गमा पर्ने भिमगिठे बजारदेखि बडिगाडखोला तरेपछि मात्रै मालरानी गाउँ पुग्न सकिन्छ। हिउँदको समयमा जसोतसो गाडी तरे पनि बर्खाको पाँच महिना यातायात ठप्प हुने स्थानीय मीनबहादुर खत्रीले बताउनुभयो । बडिगाडखोलामा हिउँदमा पानीको मात्रा अत्यधिक हुन्छ। यातायातका साधन वारपार गर्न समस्या हुने गरेको उहाँको भनाइ छ । निर्माण कम्पनीको ढिलासुस्तीका कारण हालसम्म पुल बन्न नसकेको खत्री बताउनुहुन्छ । गाडी नचल्दा स्थानीयले झोलुङ्गे पुलमार्फत बोकेरै सामान बजारदेखि गाउँ पुऱ्याउने गरेका छन् ।

"बर्खामा गाडी चल्दैनन्, गाउँमा सामान बोकेरै ल्याउनुपर्छ, बिरामी बोकेर अस्पताल लैजानुपर्छ," खत्रीले भन्नुभयो ।

पुल निर्माण गर्न दुई पटक म्याद थप गरेको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी इन्जिनियर अमर अधिकारीले जानकारी दिनुभयो । असार मसान्तसम्म सक्ने गरी कामदार लगाएर धमाधम काम गरिरहेको उहाँको भनाइ छ । पुल रु सात करोड ६६ लाखको लागतमा निर्माण गर्न लागिएको हो ।

# युवायुवतीलाई वारिष्टा तालिम

पोखरापत्र संवाददाता
तनहुँ, १० बैशाख

बेरोजगार युवायुवतीलाई स्वदेशमै स्वरोजगार बनाउन व्यासका तीस जना युवायुवतीलाई वारिष्टा (कफी बनाउने) तालिम प्रदान गरिएको छ । व्यास नगरपालिका ३ नं वडा कार्यालयको आयोजनामा बेरोजगार युवायुवतीलाई समावेश गरी ४५ दिनको तालिम प्रदान गरिएको हो ।

बेरोजगार युवायुवतीलाई स्वदेशमै स्वरोजगार बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको वडासदस्य दधिराज घिमिरेले जानकारी दिनुभयो । "व्यक्तिगतरुपमा तालिम लिँदा प्रतिव्यक्ति रु १७ हजारसम्म लाग्ने रहेछ", वडासदस्य घिमिरेले भन्नुभयो, "वडाको बजेटले मात्रै धान्न नसक्ने भएपछि लागत सहभागिता समावेश गरिएको छ।" नुसार तालिममा सहभागीलाई प्रतिव्यक्ति रु तीन हजारका दरले शुल्क निर्धारण गरिएको छ। सिकेको सीपलाई व्यवहारमा लागू गर्न सकेको अवस्थामा आत्मनिर्भर बन्न कसैको मुख ताक्नु पर्दैन । तालिममा प्रशिक्षार्थीको पनि लगानी भएपछि तालिम अझ प्रभावकारी बन्ने विश्वास गरिएको व्यास-३ का वडाध्यक्ष अनुप रानाले बताउनुभयो । वडाबाट सीपमूलक तालिमका लागि रु दुई लाख बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । आइतबारदेखि सुरु भएको उक्त तालिमको मुख्य प्रशिक्षकमा अञ्जिल मियाँ रहनुभएको छ। तालिम जेठ २४ गतेसम्म सञ्चालन हुनेछ । बेरोजगार युवायुवतीलाई सीपमूलक तालिम दिएर स्वरोजगार बनाउन नगरपालिकाले प्राथमिकता दिँदै आएको व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो।

"सीप सिकेर विदेशमा होइन स्वदेशमै स्वरोजगार बनाउन पहल गरिनुपर्छ", उहाँले भन्नुभयो, "व्यास नगरपालिका मातहत रहेका १४ वटै वडामा सीपमूलक र आयमूलक तालिमलाई जोड दिइएको छ।"

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ लाम्पाट सडक स्तरोन्नती योजना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः लाम्पाट सडक स्तरोन्नती
ठेगानाः पोखरा-१९
योजना शुरु हुने मितिः २०८०/१०/०३ गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/२२ गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/२२ गते
योजनाको कुल लागतः रु. ५,५६,१२४।४५
महानगरपालिकाबाट : रु. ५,००,०००/-
उपभोक्ता समितिबाट श्रमदानः रु.५६,१२४।४५
उपभोक्ता समिति अध्यक्षः टिकाराम आचार्य
मो नं.: ९८६०८२६१०९
उपभोक्ता सदस्य संख्याः ७ महिलाः ३ जना पुरुषः ४ जना

**लाम्पाट सडक स्तरोन्नती योजना उपभोक्ता समिति**
**पोखरा-१९**

## कल्याणकारी पट्टा हराएको सूचना

यहि मिति २०८०/१२/१० गते लामाचौर बाट बगर जदि गर्दा निम्न विवरणको श्री काली बक्स गण (ई.) युनिटको कल्याणकारी पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नाम** : अर्जुन बहादुर थापा
**व्य. नं.** : १०७६१५
**पद** : जमदार
**ठेगाना** : पोखरा-१६, कास्की
**निर्देशनालय दर्ता नं.** : १७६/०६०/६१
**सिलसिलेवार नं. (पट्टा नं.)** : ५५३६२२
**अधिकार पत्रको क. यो. नं.** : ४०६४१

**सम्पर्क नं. ९८०५८५१८६२**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ४ सिद्धार्थ चोकमा स्लाब निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सिद्धार्थ चोक स्लाब निर्माण
सार्वजनिक सम्पत्तीको मर्मत तथा सम्भार)
ठेगानाः पोखरा-४, सिद्धार्थ चोक
योजना सम्झौता मितिः २०८०/१०/११ गते
योजना शुरु मितिः २०८०/१०/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/३० गते
योजनाको कुल लागतः रु. ११,४४,७३२।०६
महानगरपालिका वडा नं. ४ बाट : रु. ९,७०,०००/-
उपभोक्ता समितिबाट श्रमदानः रु.१,७४,६३२।०६
अध्यक्षः देवेन्द्र पराजुली मो नं.: ९८४६०३३६०३

**सिद्धार्थ मार्ग टोल बिकास संस्था**
**पोखरा-४, सिद्धाथ चोक**

## Jaimini Municipality
Kushmisera, Baglung
Gandaki Province, Nepal

## Invitation for Bids

(Date of Publication: 2081-01-10 BS (2024-April-22 AD)

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the procurement of Medicine and surgical instruments mentioned in table below under contract.

| S.N. | Name of Procurement | Contract ID | Estimated Amount NRs.(With VAT) | Bid Doc. Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of Medicine and Surgical Instruments | JM/BAGLUNG/NCB/G/M/2/080/81 | NRs.16,00,667.677 | NRS 3000 | 41000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer